का.जि.प्र.का.द.नं. १००/०५९/६०
१८ जेठ २०८०,
बिहीबार
1 June 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १२६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# नौ महिनापछि नागरिकता विधेयक प्रमाणीकरण

संघीय संसदले दुई पटकसम्म पास गरेर पठाएको नागरिकता विधेयक तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले होल्ड गरेकी थिइन् । त्यसको नौ महिनापछि वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले विधेयक प्रमाणीकरण गरिदिएका हुन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ जेठ ।

राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण भएको छ। संघीय संसदले दुई पटकसम्म पास गरेर पठाएको नागरिकता विधेयक तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले होल्ड गरेकी थिइन् । त्यसको महिनापछि बुधबार वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले विधेयक प्रमाणीकरण गरिदिएका हुन् ।

सरकारले यही जेठ १२ गते तत्कालीन राष्ट्रपति भण्डारीले होल्ड गरेको नागरिकता विधेयक प्रमाणीकरण गर्न राष्ट्रपति पौडेललाई अनुरोध गरेको थियो। मन्त्रिपरिषद्को आग्रहअनुसार संविधानको धारा ६१ र ६६ बमोजिम नागरिकता विधेयक प्रमाणीकरण गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

संघीय संसदले पहिलो पटक २०७९ साउन मा नागरिकता विधेयक पास गरेको थियो । तर तत्कालीन राष्ट्रपति भण्डारीले प्रमाणीकरण नगरी २९ साउनमा १५ बुँदे सन्देशसहित प्रतिनिधिसभामा फिर्ता पठाइदिइन् । दुवै सदनले नागरिकता विधेयक फेरि पारित गरेपछि तत्कालीन सभामुख अग्निप्रसाद सापकोटाले गत वर्ष भदौ २० विधेयक प्रमाणीकरणका लागि फेरि राष्ट्रपतिससमक्ष पठाए।

संविधानको धारा ११३ (४) अनुसार राष्ट्रपति भण्डारीले उक्त विधेयक १५ दिन अर्थात ५ असोजभित्र प्रमाणीकरण गर्नुपर्ने थियो । तर प्रमाणीकरण भएन । होल्ड भएको ९ महिनापछि उक्त विधेयकले कानुनको रुप लिएको छ ।

विधेयक प्रमाणीकरणको प्रक्रियालाई लिएर दलहरुको मिश्रित प्रतिक्रिया आएको छ । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सचिव योगेश भट्टराई संसदको अधिकारी हनन् भएको बताउँछन्। प्रधानमन्त्री भारत भ्रमणमा निस्कने दिन प्रमाणीकरण हुनुले पनि आशंका सिर्जना गराएको उनले बताए ।

उनी भन्छन्, 'प्रधानमन्त्री भारत भ्रमणमा निस्किने दिन नागरिकता विधेयक >>> पृष्ठ २ मा




प्रधानमन्त्री भारत भ्रमणमा निस्किने दिन नागरिकता विधेयक प्रमाणीकरण हुनुले शंका, उपशंका जन्माएको छ।
**योगेश भट्टराई**
सचिव, एमाले



पुरानै विधेयक प्रमाणीकरण गराउनु राष्ट्रपतिको गरिमा, लोकतान्त्रिक संसदीय मूल्य मान्यता र राष्ट्रहितविरुद्ध छ।
**रवि लामिछाने**
सभापति, रास्वपा



राष्ट्रपति रामचन्द्र पौडेलज्यूलाई धन्यवाद, मुलुकबाट नागरिकतासम्बन्धी समस्या सदाका लागि हल होस्
**उपेन्द्र यादव**
अध्यक्ष, जसपा



नागरिकता विधेयकले राज्यविहीनताको स्थितिमा रहेका नेपालीहरुको पीडामा मलहमको काम गर्नेछ।
**महन्थ ठाकुर**
अध्यक्ष, लोसपा

## शर्तसहित आमाको नामबाट नागरिकता

बुधबार राष्ट्रपतिबाट प्रमाणीकरण भएको विधेयकको मुख्य विषय हो - आमाको नामबाट नागरिकता । तर, यसका चार वटा शर्त छन् । नेपालको नागरिक आमाबाट नेपालमा जन्म भएको, नेपालमा नै बसोबास गरेको, बाबुको पहिचान हुन नसकेको र त्यस्तो पहिचान हुन नसकेको >>> पृष्ठ २ मा

## जन्मसिद्धका सन्तानलाई नागरिकता

विधेयक कार्यान्वयनमा आएसँगै जन्मसिद्धका सन्तानले नागरिकता पाउने छन् । विधेयकले जन्मको आधारमा नागरिकता पाएका (जन्मसिद्ध नागरिक) हरुका सन्तानलाई नागरिकता प्राप्त गर्न बाटो खोल्ने व्यवस्था >>> पृष्ठ २ मा

## पहिलोपटक गैरआवासीय नेपाली नागरिकता

नेपालमा पहिलो पटक गैरआवासीय नेपाली नागरिकता अभ्यासमा आएको छ। नागरिकता विधेयकले पहिलोपटक गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने बाटो खुलेको हो। विदेशमा रहेका कुनै पनि नेपालीका >>> पृष्ठ २ मा

### दिल्ली भ्रमणमा प्रधानमन्त्री प्रचण्ड

# आज महत्वपूर्ण भेटवार्ता

हैदरावाद हाउसमा बिहान ११ बजे प्रधानमन्त्री प्रचण्ड र भारतीय समकक्षी नरेन्द्र मोदीबीच भेटवार्ता हुनेछ। प्रचण्ड र मोदीबीच आधा घण्टा भेट्ने समय छुट्याइएको छ। भ्रमण तालिकामा भारतका विपक्षीलगायत दलका अन्य नेताहरुसँग भेट्ने कि नभेट्ने भन्ने उल्लेख छैन।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १७ जेठ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड चारदिने भ्रमणका लागि दिल्लीमा छन् । बुधबार नेपाल एयरलाइन्सको नियमित उडानबाट प्रचण्ड नेतृत्वको टोली भारत गएको थियो । प्रचण्ड नेतृत्वको टोलीलाई भारत सरकारको विदेश राज्यमन्त्री मिनाक्षी लेखीले स्वागत गरिन् ।

प्रधानमन्त्री प्रचण्डलाई स्वागत गर्न विदेश राज्यमन्त्री लेखीसहित विदेश मन्त्रालयका अधिकारीहरु र दिल्लीस्थित नेपाली राजदूत शंकर शर्मा पनि विमानस्थलमा पुगेका थिए। प्रधानमन्त्री प्रचण्डको स्वागतमा विमानस्थल बाहिर सांस्कृतिक झाँकी प्रदर्शन गरिएको थियो । भ्रमण टोलीमा प्रधानमन्त्री प्रचण्डसहित अरु पाँच जना मन्त्रीहरु पनि सहभागी छन् । टोलीमा भौतिक




पूर्वाधारमन्त्री प्रकाश ज्वाला, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री शक्तिबहादुर बस्नेत, परराष्ट्र मन्त्री एनपी साउद, अर्थ मन्त्री डा. प्रकाशशरण महत, उद्योगमन्त्री रमेश रिजाल, छोरी गंगा दाहाल लगायत छन्।

बुधबार नै पुष्पकमल प्रचण्ड र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलसँग भेटवार्ता गरेका छन् । दिल्लीस्थित होटल आईटीसी मौर्यामा प्रचण्ड र डोभलबीच भेटवार्ता भएको हो । भेटमा भारतीय विदेश सचिव विनयमोहन क्वात्रासमेत सहभागी थिए।

प्रचण्डले बुधबार नै नेपाली दूतावासमा नेपाली समुदायसँगको छलफलमा भाग लिए । त्यसक्रममा उनले भने, 'विदेशमा रहेकाहरुलाई मताधिकारको प्रत्याभूत गर्ने हाम्रो प्रतिवद्धता छ ।' प्रधानमन्त्री प्रचण्डले भारतमा रहेका नेपाली समुदायलाई स्वदेश फर्केर नेपालको विकासका लागि योगदान दिन आग्रह गरे ।

नयाँदिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेपछि प्रधानमन्त्री प्रचण्ड दिउँसो साढे ३ बजे सरदार पटेल मार्गमा रहेको होटल मौर्यमा पुगेका थिए । प्रचण्डसहितका अतिथिहरुलाई भारत सरकारले होटल मौर्यमै बस्ने व्यवस्था मिलाएको छ।

सोही होटलमा साँझ ६ बजे भारतीय विदेश सचिव विनयमोहन क्वात्रा र भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित >>> पृष्ठ २ मा

### बढ्दै खानेपानीको संकट

# सुस्ताउँदै सरकार

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १७ जेठ ।

सरकारले उपत्यकाभित्र खानेपानीको वितरण र व्यवस्थापनलाई चुस्त बनाउने विषयलाई बजेटमै समेटे पनि पानीको मुहान भने धमाधम सुक्न थालेको छ । इनार वा बोरिङबाट मोटरले पानी तान्ने क्रम बढेकाले उपत्यकाका धेरै भागमा पानीको मुहान सुक्न थालेका उपत्यका खानेपानी लिमिटेडले (केयुकेएल) जनाएको हो । अघिल्ला वर्षहरुमा उपत्यकाका तीन जिल्लाबाट दैनिक १२ करोड लिटर पानी संकलन हुनेगर्दथ्यो भने हाल यी स्रोतहरुबाट दैनिक एक करोड लिटर मात्रै आउने गरेको केयुकेयलले जनाएको छ ।

'अघिल्ला वर्षमा पनि यो अवधिकमा विभिन्न मुहानहरूबाट प्रशस्त पानी आउँथ्यो । तर, अहिले पानीको मुहानभन्दा माथि भूमि दोहन भएकाले पानी मूहान लगभग सुक्ने चरणमा पुगिसके,' केयुकेयलका प्रवक्ता प्रकाश राईले भने । उनले उपत्यकामा पानीका मूलहरु धमाधम सुक्न थालेपछि पानी वितरणमै समस्या भएको बताएका हुन् ।

नेपालको एक करोडभन्दा बढी जनसंख्या मूलकै पानीमा आश्रित छ भने उपत्यकामा अहिले दैनिक ४३ करोड लिटर खानेपानी माग रहेको छ । तर, दैनिक २९ करोड लिटर पानी मात्रै वितरण हुँदैआएको छ ।

'अव्यवस्थित शहरीकरणका कारण काठमाडौं उपत्यकाको जमिन नै भासिइरहेको छ भने पानीको मूल पनि >>> पृष्ठ २ मा

## नियमित छैन मेलम्ची

काठमाडौं उपत्यकामा पानीको आवश्यकतालाई टार्न वर्षोको मेहनतपछि ल्याइएको मेलम्ची खानेपानी नियमित नहुँदा उपत्यकावासीले थप सास्ती ब्योहोर्नु परेको छ। एक महिना आउने फेरि तीन महिना नआउने प्रक्रिया दोहोरिरहँदा पानीको संकट टार्न झनै गाह्रो भएको उपत्यकावासीले बताउँदै आएका छन् । हेलम्बु गाउँपालिका-१ स्थित मेलम्ची खानेपानी आयोजनाको सुरुङ, २०७८ असारको बाढीले क्षति पुऱ्याएको हेडवर्क्सलगायतका संरचनाको मर्मतका लागि बन्द हप्तौ बन्द भएको थियो। यद्यपि, सोमबार साँझ मात्रै पानी काठमाडौं पठाइएको आयोजनामा कार्यरत कर्मचारीले बताएका छन् । कहिले प्राकृतिक विपत्ति त कहिले जतातत्तै पानी फुटेर मेलम्ची आयोजनाको उपत्यकावासीले पूर्ण उपभोग गर्न पाएका छैनन् । एकातिर पानीको मूल वर्षेनी सुकिरहेको छ भने अर्कातिर भएका खानेपानीको संरचना पनि पूर्ण रुपमा व्यवस्थित नहुँदा पानीको संकट थप बढ्ने अनुमान गर्न थालिएको छ ।

### वैदेशिक रोजगार विशेष



# दक्षिण अफ्रिका पठाउन भ्रामक विज्ञापन

## लाखौं रकम ठगिएको आशंका

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ जेठ

वैदेशिक रोजगार विभागले दक्षिण अफ्रिकामा आकर्षक तलब सुविधासहितको वैदेशिक रोजगार दिलाउने भनी नक्कली वर्क पर्मिटको भ्रमपूर्ण विज्ञापन सम्प्रेषण भएको भन्दै सचेत हुन आग्रह गरेको छ। मानव बेचबिखन तथा गैरकानूनी आप्रवासनमा संलग्न गिरोहले १ सय ५० भन्दा बढी नेपालीहरूबाट लाखौं रकम संकलन भइरहेको जानकारी आइरहेको भन्दै विभागले दक्षिण अफ्रिका जान लागेकाहरू सचेत हुनुपर्ने बताएको छ ।

विभागले एक वर्षभन्दा अघि सन् २०२२ फेब्रुअरी २ मा दक्षिण अफ्रिकाको सरकारी राजपत्रमा प्रकाशित सूचनाअनुसार विशेष ज्ञान सीप आवश्यक पर्ने १ सय ४० किसिमको दक्ष जनशक्तिको पदमा स्वदेशी नागरिकबाट पदपूर्ति नहुने अवस्थामा मात्र विदेशी नागरिकलाई रोजगारीमा लिने कानूनी व्यवस्था रहेको र त्यस्ता पदहरूमा वैदेशिक रोजगारमा जाँदा नेपालको कानूनबमोजिम श्रम स्वीकृति लिएर मात्रै जानुपर्ने बताएको छ ।

त्यसैगरी भारतमा रहेको दक्षिण अफ्रिकाको उच्चायुक्त र कन्सुलेट जनरलबाट जारी हुने पर्यटक भिसा दक्षिण अफ्रिका जाने प्रयोजनका लागि मात्रै भएकाले त्यसबाट >>> पृष्ठ २ मा

### विभाग दुई हप्तापछि पूर्णरूपमा ताहाचल सर्ने

काठमाडौं/मस- वैदेशिक रोजगार विभागको बुद्धनगर स्थित कार्यालय ताहाचलस्थित वैदेशिक रोजगार कार्यालय रहेको भवनमा सार्ने भएको छ । विभागले बुधबार एक सूचना प्रकाशित गर्दै आइतबार अर्थात जेठ २१ गतेदेखि आंशिकरुपमा र असार १ गतेदेखि कार्यालय पूर्णरुपमा सर्ने जनाएको छ ।

हाल विभाग रहेको भवन नेपाल हिमालय सीमापार व्यापार संघको भवन हो । विभागले हाल कार्यालय रहेको ठाउँ सानो भएकाले सर्न लागेको बताएको छ ।

Free Visa! Free Ticket!! Zero Cost!!!
कतारमा महिलाहरूलाई रोजगारको अवसर

कम्पनी: AL JAWHARA SALOON | शहर: QATAR, DOHA

पूर्व स्वीकृत मिति: २०८०/०२/१४ | चलानी नं.: ६०२०२०८१ | LT. No.: 286676

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Beautican | 0 | 12 | स. काममा दक्ष | 1700 | ६१,५७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ २३ र २४ गते (6 &7 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

DIAMOND STAR
Overseas Pvt. Ltd.
Lic. No. 1353/074/075

DIAMOND STAR OVERSEAS PVT. LTD.
Buddhanagar-10, Kathmandu, Nepal.
Phone : 01-4796680 | 9818429557 | 9809402086

# कोशी प्रदेश सरकारबाट बाहिरियो जसपा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ जेठ

कोशी प्रदेश सरकारबाट जनता समाजवादी पार्टी (जसपा) बाहिरिएको छ। जसपाले कोशी प्रदेशकी स्वास्थ्यमन्त्री निर्मला लिम्बुलाई फिर्ता बोलाएको हो ।

स्वास्थ्यमन्त्री लिम्बूले बुधबार आफ्नो पदबाट राजीनामा दिएकी छन् । साथै उनले सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएकी छन् ।

जनता समाजवादी पार्टी (जसपा) प्रदेश समितिद्वारा आयोजित पत्रकार सम्मेलनमा उनले मुख्यमन्त्री कार्यालयमा राजीनामा एवं सरकारलाई दिएको समर्थन फिर्ता लिएको पत्र दर्ता गरेको जानकारी गराइन् ।

मन्त्री लिम्बूको राजीनामा पत्रमा विसं २०७९ पुस २५ गते मुख्यमन्त्री हिक्मतकुमार कार्कीको नेतृत्वमा बनेको गठबन्धन सरकारको स्वास्थ्यमन्त्रीको जिम्मेवारीमा रही सदन र सरकारमा पटकपटक प्रदेशको नामकरण पहिचानका आधारमा नामाङ्कन हुनुपर्ने माग गर्दै



आएको उल्लेख गरिन् ।

मन्त्री लिम्बूले पहिचानवादीको मागप्रति सरकारलाई गम्भीर भई वार्ता संवादमार्फत समस्याको समाधान गर्न प्रस्ताव राख्दासमेत बेवास्ता भएको हुँदा नैतिकताका आधारमा आजको मितिबाट प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिनुका साथै स्वास्थ्यमन्त्री पदबाट राजीनामा दिएको पत्रमा उल्लेख उल्लेख गरेकी छन् ।

पत्रकार सम्मेलनमा उनले आगामी दिनमा प्रदेशको नामकरणविरुद्धमा हुने पहिचानवादीको आन्दोलनमा प्रत्यक्षरूपमा सहभागी हुने बताइन् । पार्टीका प्रदेश अध्यक्ष दीपक याक्ख्याले पहिचानसहितको संघीयताको माग सम्बोधन नभएकाले मन्त्री लिम्बूले पार्टीको निर्देशनअनुसार समर्थन फिर्ता एवं राजीनामा दिएकी बताए ।

जसपाले समर्थन फिर्ता गरेसँगै एमालेबाट मुख्यमन्त्री बनेका हिक्मतकुमार कार्की नेतृत्वको सरकार संकटमा परेको छ। केन्द्रमा नयाँ सत्ता समीकरण बनेपनि कोशी प्रदेशमा भने एमाले नेतृत्वको सरकारमा जसपा र नेकपा माओवादी केन्द्र सहभागी थिए ।

यसअघि नेपाली कांग्रेस संसदीय दलले लिखित रुपमा नै माओवादी केन्द्रलाई सरकारलाई दिएको समर्थन फिर्ता लिने आग्रह गरेको थियो ।

संवैधानिक प्रक्रिया अनुसार सरकारमा सहभागी कुनै पनि राजनीतिक दलले समर्थन फिर्ता लिए मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्छ ।

कोशी प्रदेश सभामा एमालेका ४०, कांग्रेसका २९, माओवादीका १३, राप्रपाका ६, नेकपा एकीकृत समाजवादीका ४ र जसपाका १ सांसद छन् । केन्द्रको सत्ता समीकरणअनुसार कांग्रेस, माओवादी, नेकपा एकीकृत समाजवादी र जसपा एउटा गठबन्धनमा छन् भने एमाले र राप्रपा अर्कातिर छन् । बहुमतका लागि ४७ मत आवश्यक पर्नेमा सभामुख बाहेक दुवै पक्षमा समान ४६ मत पुग्छ ।

# २८ कम्पनी कालोसूचीमा




**काठमाडौं/मस–** सार्वजनिक खरिद अनुगमन कार्यालय ताहाचलले २८ निर्माण व्यवसायी एवं आपूर्तिकर्तालाई कालोसूचीमा राखेको छ। कार्यालयले बुधबार एक सूचना प्रकाशित गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम २८ निर्माण व्यवसायी/आपूर्तिकर्तालाई कालोसूचीमा राखेको जनाएको छ।

कार्यालयद्वारा प्रकाशित सूचनाअनुसार कालोसूचीमा परेकाहरुमा कलेज अफ इम्प्लोइमेन्ट प्रालि भरतपुर चितवन, पप्पु कन्स्ट्रक्सन, कोशी एन्ड न्यौपाने निर्माण सेवा नयाँ वानेश्वर काठमाडौं, वाइपी कन्स्ट्रक्सन पुल्चोक ललितपुर, सप्तकोशी जलाधार कम्पनी प्रालि काठमाडौं, ओम साई एन्ड कम्पनी प्रालि काठमाडौं, आकृति एड्भर्टाइजिङ पोखरिया विराटनगर, थाक ठिनी इन्जिनियरिङ एन्ड कन्स्ट्रक्सन भरतपुर-११ चितवन, एसियन हाइटेक कन्स्ट्रक्सन हात्तीगौंडा-४ मोरङ रहेका छन् ।

यसैगरी, चन्दन एन्ड हरिओम कन्स्ट्रक्सन फोटा-२ बारा, फैसल एन्ड अफजल कन्स्ट्रक्सन गौर रौतहट, गौतम ऋषि कन्स्ट्रक्सन कटरिया-५ रौतहट, गिताञ्जली निर्माण सेवा जनकपुर-१२ धनुषा, सिंह कन्स्ट्रक्सन जनकपुर-१२ धनुषा, खुसी निर्माण सेवा जनकपुर-१२ धनुषा, कमोद कन्स्ट्रक्सन रौतहट, रुबी कन्स्ट्रक्सन मलङगवा-१ सर्लाही, एचडी इन्टरप्राइजेज विराटनगर-३ मोरङ, हिरालाल कन्स्ट्रक्सन विरगञ्ज-१४ पर्सा, जय माँ वैष्णेदेवी कन्स्ट्रक्सन नवलपरासी, शिरिस कन्ट्रक्सन मध्यपुर ठिमी-६ भक्तपुर, सुभप्रभात-शुभ अविप जेभी कोहलपुर, सर्जिकेम डिस्ट्रिब्युर्टस धरान, टोनिका कन्स्ट्रक्सन विराटनगर, त्रिजोन कन्स्ट्रक्सन एन्ड सप्लायर्स काठमाडौं तथा युमन निर्माण सेवा बर्दघाट नवलपरासी रहेका छन् ।

सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचलले अधिकांश निर्माण व्यवसायी/आपूर्तिकर्तालाई एकदेखि तीन वर्षसम्म कालोसूचीमा रहेको छ ।

जसअनुसार मोहोन न्यौपाने मुख्य व्यक्ति रहेको कलेज अफ इम्प्लोइमेन्ट प्रालि चितवनलाई उद्योग मन्त्रालय अन्तर्गतको ग्रामीण उद्यम तथा विप्रेषण आयोजना इटहरीको सिफारिसमा तीन वर्षसम्म कालोसूचीमा राखिएको कार्यालयमा प्रकाशित उक्त सूचनामा उल्लेख गरिएको छ।

यसैगरी सुमित रौनियार नेतृत्वको पप्पु कन्स्ट्रक्सन प्रालि र भावेश बोहोरा नेतृत्वको कोशी एन्ड न्यौपाने निर्माण सेवा प्रालि दुई वर्षसम्म कालोसूचीमा राखिएको छ भने पप्पु र कोशी एन्ड न्यौपाने जेभीलाई सङ्घीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय पोखरा र सहिद मार्ग सडक आयोजना लिवाङ रोल्पाले कालोसूचीमा राख्न सिफारिस गरेका थिए ।

यसैगरी, पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय र पुष्पलाल राजमार्ग आयोजना कार्यालय दैलेखको सिफारिसमा सुरेन्द्रप्रसाद श्रेष्ठ नेतृत्वको वाइपी कन्स्ट्रक्सन प्रालि ललितपुरलाई एक वर्ष ६ महिनासम्म कालोसूचीमा राखिएको जनाइएको छ । कालोसूचीमा परेका कम्पनीहरुले कालोसूचीमा राखिएको अवधिभर कुनै पनि सार्वजनिक निकायको खरिद कारबाहीमा भाग लिन नपाउने सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा प्रकाशित सूचनामा जनाइएको छ ।

# आन्तरिक कार्यविधि मस्यौदा तयार पार्न उपसमिति गठन



**काठमाडौं/मस–** संघीय संसद् प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिको बुधबारको बैठकले समितिको बैठक सञ्चालनसम्बन्धी आन्तरिक कार्यविधिको मस्यौदा तयार पार्न एक उपसमिति गठन गर्ने निर्णय गरेको छ ।

सांसद राजेन्द्रकुमार केसी संयोजक तथा ऋषिकेष पोखरेल, रामकृष्ण यादव, डा.अमरेशकुमार सिंह र हरि ढकाल सदस्य रहनेगरी कार्यविधि मस्यौदा निर्माण उपसमिति गठन गरिएको समितिका सचिव एकराम गिरीले जानकारी दिए ।

कार्यविधिको मस्यौदा तयार पारेर समितिको अर्को बैठकमा पेस गर्न भनिएको छ । समितिको बैठकमा बैठक सञ्चालन कार्यविधि तयार पार्ने, समिति सभापति चयन गर्ने र समितिमा विचाराधीन तथा फर्छ्यौट हुन बाँकी रहेका उजुरीका विषयमा छलफल भएको थियो ।

महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनले देखाएका बेरुजु फर्छ्यौट, आर्थिक सुशासन, सरकारी कोषको प्रभावकारी र मितव्ययी खर्च भए/नभएको जाँच पड्तालगायतका महत्त्वपूर्ण क्षेत्राधिकार पाएको लेखा समितिको सभापति चयनमा ढिलाइ गर्न नहुने धारणा समिति सदस्यहरूले राखेका थिए ।

ज्येष्ठ सदस्यका रूपमा समितिको सभापतित्व गरेका सांसद अर्जुन नरसिंह केसीले सार्वजनिक लेखा समितिका काम कारबाहीमा कुनै आग्रह पूर्वाग्रह तथा पक्ष विपक्ष नहुने बताए। त्यस्तै, समिति अविछिन्न उत्तराधिकारीवाला संस्थाका रूपमा रहने भएकाले नयाँ सदस्य नियुक्त हुनुभन्दा अघिका उजुरीबारे पनि छलफल र छानबिन गरिनुपर्ने उनले बताए ।

समितिको बैठकमा २०७६ साल वैशाख ३ गतेयता दर्ता भएका एक सय २१ उजुरीमाथिको छलफल तथा छानबिन टुंग्याउने विषयमा पनि छलफल भएको छ । समिति सचिव गिरीका अनुसार हालसम्म एक सय २१ उजुरी समितिमा दर्ता भएर विचाराधीन अवस्थामा रहेका छन्। त्यस्तै, नयाँ संसद् आएपछि गठन भएको लेखासमितिमा साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडको शेयर स्वामित्व विवादसम्बन्धी उजुरी परेको छ ।

समितिका सदस्यहरू राजन केसी, अमरेशकुमार सिंह, रामकृष्ण यादव, गोकुलप्रसाद बाँस्कोटा, रामकृष्ण यादव, योगेश भट्टराई, विक्रम पाण्डे, जनार्दन शर्मालगायतले समितिमा परेका सबै उजुरीलाई छलफल र छानबिन गर्नुभन्दा महत्त्वपूर्ण विषयमाथिका उजुरीलाई पहिले समितिमा ल्याइनुपर्ने धारणा राखेका थिए ।

यसैबीच समितिका हालसम्म १२१ वटा उजुरी विचाराधीन अवस्थामा रहेको देखिएको छ । विसं २०७६ वैशाख ३ गतेयता दर्ता भएका यी उजुरीहरु लेखा समितिमा छानबिन र छलफल हुन नसकेका हुन् ।

बैठकमा समितिका सचिव एकराम गिरीले नयाँ सदस्य आएपछि थप एउटासहित हालसम्म १२१ उजुरी फर्छ्यौट हुन बाँकी रहेको बताए । नयाँ संसद आएपछि गठन भएको लेखा समितिमा साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडको शेयर स्वामित्व विवादसम्बन्धी उजुरी परेको छ ।

# नक्कली शरणार्थी प्रकरणः १२ जनाको बयान लिइयो




**काठमाडौं/मस–** नक्कली भूटानी शरणार्थी प्रकरणका आरोपितमध्ये बुधबार चार जना प्रतिवादीको बयान लिइएको छ । काठमाडौं जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासमा प्रतिवादी गोविन्द चौधरी, नेपाल सरकारका निलम्बित सचिव टेकनारायण पाण्डे, सानु भण्डारी र रामशरण केसीको बयान लिइएको बताइएको छ ।

नक्कली भूटानी शरणार्थी प्रकरणमा प्रतिवादीको बयान जेठ १२ गतेदेखि काठमाडौं जिल्ला अदालतमा लिन थालिएको छ । अहिलेसम्म १२ प्रतिवादीको बयान लिइसकिएको जनाइएको छ । नक्कली भूटानी शरणार्थी प्रकरणमा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी तथा पूर्वगृहमन्त्री बालकृष्ण खाँणसहित १७ जना पक्राउ परेका छन्। उक्त प्रकरणका आरोपितमध्ये १३ जना अझै फरार रहेको प्रहरीले जनाएको छ ।

## नौ महिनापछि...

प्रमाणीकरण हुनुले शंका, उपशंका जन्माएको छ ।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने नागरिकता प्रमाणीकरण गर्न अपनाइएको शैली उचित नरहेको बताउँछन् ।

सभापति लामिछानेले सामाजिक सञ्जालमा लेखेका छन् 'नयाँ जनादेशबाट नयाँ संसद बनेको ६ महिना भइसक्दा पनि संसदमा छलफल नगराई, यसरी पुरानै विधेयक सरकारले राष्ट्रपतिबाट प्रमाणीकरण गराउनु राष्ट्रपति जस्तो सम्मानित संस्थाको गरिमा विपरीत, लोकतान्त्रिक संसदीय मूल्य मान्यता र राष्ट्रहितविरुद्ध छ ।'

अघिल्लो संसदको दुबै सदनले पारित गरेर पठाएको नागरिक तत्कालिन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण नगरी 'होल्ड'मा राखेकी थिइन्। उक्त विधेयक बुधबार राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेका छन् ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले नागरिकता विधेयक प्रमाणीकरण गरेका राष्ट्रपति रामचन्द्र पौडेललाई विशेष धन्यवादसमेत दिए ।

'मुलुकबाट नागरिकतासम्बन्धी समस्या सदाका लागि हल होस्' उनले भने। राष्ट्रपतिले नागरिकता विधेयक प्रमाणीकरण गरेकोमा अब नागरिकतासम्बन्धी सबै समस्या समाधान हुनेमा आशावादी भएको अध्यक्ष यादवले बताए ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले भने नागरिकता विधेयक प्रमाणीकरण भएकोमा खुसी प्रकट गरेको छ ।

अध्यक्ष महन्थ ठाकुरले बक्तव्य निकालेर भनेका छन्, 'यसले खासगरी राज्यविहिनताको स्थितिमा रहेका नेपाली नागरिकहरुको पीडामा मलहमको काम गर्नेछ र समग्रतामा समेत नागरिकता सम्बन्धी धेरै हदसम्म समस्याको समाधान गर्नेछ । '

## शर्तसहित...

भन्दै स्वघोषणा गर्ने व्यक्तिले आमाको नामबाट मात्र वंशजको नागरिकता पाउने छ। बाबुको पहिचान हुन नसकेको व्यहोराको नागरिकता लिने व्यक्ति वा उसको आमाले स्वघोषणा गर्नुपर्ने प्रावधान विधेयकमा छ ।

नेपालको नागरिकतासम्बन्धी ऐन २०६३ ले नै कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक भएको अवस्थामा वंशजको नागरिकता प्राप्त गर्न व्यवस्था गरेको थियो ।

तर यो व्यवस्था सरकारले कार्यान्वयन गरेको थिएन। यसपालिको संविधानले भने आमाको नामबाट मात्र नागरिकता पाउन बाबुको पहिचान नभएको हुनुपर्ने व्यवस्था गर्यो । उक्त व्यवस्था कार्यान्वयन गर्न यो विधेयकले बाबुको पहिचान हुन नसकेको घोषणा गर्नुपर्ने व्यवस्था गरेको छ । स्वघोषणा गरी वंशजको नागरिकता लिएका व्यक्तिको बाबु विदेशी ठहरिएमा भने उक्त नागरिकता रद्द हुनेछ। तर त्यस्तो व्यक्तिले अंगीकृत पाउने छ। किनभने नेपाली महिला नागरिकले विदेशी पतिबाट जन्माएका सन्तानले अंगीकृत नागरिकता पाउने व्यवस्था संविधानले गरेको छ ।

विधेयकले पनि संविधानको यो व्यवस्था कार्यान्वयन गर्ने व्यवस्था गरेको हो। विदेशी पतिबाट नेपाली आमाले जन्माएका सन्तानले अंगीकृत नागरिकता पाउन पनि नेपालमा जन्मिएको, नेपालमै बसोबास गर्नुपर्ने र बाबुको देशको नागरिकता नलिएको हुनुपर्ने छ ।

विदेशी नागरिक र नेपाली महिला नागरिकबाट नेपालमा जन्मिएको व्यक्तिले नागरिकता प्राप्त गर्दा उसको बुबा र आमा दुबैले नेपाली नागरिकता लिएको अवस्थामा भने वंशजको आधारमा नागरिकता दिने व्यवस्था छ ।

## जन्मसिद्धका...

गरेको छ । २०४६ सालको चैत मसान्तभित्र नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गर्ने व्यक्तिलाई यसअघि जन्मको आधारमा नागरिकता दिइएको थियो ।

नेपालमा झण्डै १ लाख ७० हजार जनाले जन्मसिद्ध नागरिकता प्राप्त गरेका छन्। जन्मसिद्ध नागरिकको सन्तानलाई वंशजको नागरिकता दिने व्यवस्था अहिलेको संविधानमा छ । तर कानुन नभएकाले जन्मसिद्धका सन्तानले नागरिकता पाएका छैनन् । लामो समयसम्म नागरिकतासम्बन्धी कानुन संसदबाट पारित नहुँदा उनीहरूको दैनिक जनजीवन समेत प्रभावित भएको छ । विधेयक पास भए उनीहरुले नागरिकता प्राप्त गर्नेछन्। नागरिकता नभएकै कारण बैंकमा खाता खोल्न, उच्च शिक्षा अध्ययन गर्न, रोजगारी गर्न नपाएका उनीहरूको समस्या समाधान हुनेछ ।

## पहिलोपटक...

बाबु वा आमा, बाजे वा बज्यै साविकमा नेपालको नागरिक रहेको प्रमाण भए त्यस्ता व्यक्तिले गैरआवासीय नागरिकता प्राप्त गर्नेछन् ।

तर सार्क मुलुकमा रहेका र बसोबास गरेका नागरिकहरूले भने यस्तो नागरिकता प्राप्त गर्न सक्ने छैनन् ।

## दिल्ली...

डोभालले छुट्टा छुट्टै भेटवार्ता गरेका हुन् । राष्ट्रिय सुरक्षा सल्लाहकार डोभालले प्रधानमन्त्री प्रचण्डसँग करिब आधा घण्टा छलफल गरे ।

त्यसपछि आज जेठ १८ गते महत्वपूर्ण भेटवार्ता छ । बिहान साढे १० बजे प्रधानमन्त्री प्रचण्ड राजघाटस्थित महात्मा गान्धीको समाधिस्थलमा जानेछन् । त्यहाँ पुष्पहार अर्पण गरेपछि हैदरावाद हाउसमा फर्किनेछन् ।

नेपाल र भारतबाट सार्वजनिक गरिएको प्रधानमन्त्री प्रचण्डको भ्रमण तालिकामा भारतका विपक्षी लगायत दलका अन्य नेताहरुसँग भेट्ने कि नभेट्ने भन्ने उल्लेख छैन । हैदरावाद हाउसमा बिहान ११ बजे प्रधानमन्त्री प्रचण्ड र भारतीय समकक्षी नरेन्द्र मोदीबीच भेटवार्ता हुनेछ। प्रचण्ड र मोदीबीच आधा घण्टा भेट्ने समय छुट्याइएको छ। त्यसपछि प्रतिनिधिमण्डल स्तरको बैठकमा प्रचण्ड र मोदी सहभागी हुनेछन् । प्रतिनिधिमण्डल स्तरको बैठकपछि दुवै प्रधानमन्त्रीले संयुक्त पत्रकार सम्मेलन गर्नेछन् ।

सोही दिन मोदीले आयोजना गरेको दिवाभोजमा प्रधानमन्त्री प्रचण्डसहितको नेपाली प्रतिनिधिमण्डल सहभागी हुनेछ । आजै प्रधानमन्त्री प्रचण्डले भारतीय राष्ट्रपति द्रौपदी मुर्मू र उपराष्ट्रपति जगदीप धनखडसँग पनि भेटवार्ता गर्नेछन्। उपराष्ट्रपतिसँग अपराह्न ४ बजे र राष्ट्रपतिसँग साढे ४ बजे भेट्ने समय निर्धारण गरिएको छ ।

त्यसपछि नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई) र भारतीय उद्योग परिसंघ (सीआईआई) ले संयुक्तरुपमा आयोजना गरेको नेपाल-भारत व्यापार शिखर सम्मेलनलाई प्रधानमन्त्री प्रचण्डले सम्बोधन गर्नुका साथै दुवै देशका व्यापारीसँग अन्तरक्रिया गर्ने कार्यक्रम छ ।

भारतका लागि नेपाली राजदूत शंकर प्रसाद शर्माले आयोजना गरेको स्वागत समारोहमा भारतमा रहेका नेपाली समुदायसँग पनि प्रधानमन्त्री प्रचण्डले भेटघाट गर्ने कार्यक्रम छ ।

नेपाल र भारतबाट सार्वजनिक गरिएको प्रधानमन्त्री प्रचण्डको भ्रमण तालिकामा भारतका विपक्षी लगायत दलका अन्य नेताहरुसँग भेट्ने कि नभेट्ने भन्ने उल्लेख छैन ।

भ्रमणको तेस्रो दिन शुक्रबार प्रधानमन्त्री प्रचण्ड मध्यप्रदेशको उज्जैन र इन्दोर भ्रमणमा जानेछन्। चौथो दिन (जेठ २० गते) शनिबार इन्दोरमा रहेको फोहोर व्यवस्थापन प्लान्ट र विशेष आर्थिक क्षेत्रको भ्रमण गरेर दिउँसो १ बजे प्रधानमन्त्री प्रचण्ड नयाँदिल्ली फर्किने छन् । सोही दिन नयाँदिल्लीबाट नेपाल एयरलाइन्सको अपराह्न ४:२० को उडानबाट उनी काठमाडौं प्रस्थान गर्ने कार्यक्रम छ ।

## बढ्दै...

विस्तारै सुक्दै गएको छ, वर्षोको प्रतीक्षापछि आएको मेलम्चीको पानीमा पनि नियमितता छैन, भुर्गवविद् प्रकाश घिमिरेले भने। पानीको अत्यधिक माग टार्न अनियन्त्रित शैलीमा खनिएका डिप बोरिङ, इनार र टयुबवेलबाट पानी तानिएकाले पानी र माटोको सन्तुलन बिग्रिएर जमिन भासिने खतरा बढ्दै गएको उनको भनाइ छ ।

तरपनि, सरकारले पानीको संकट टार्न र उपत्यकामा पानीको अभाव हटाउन विशेष पहल गरेकै छैन । जसले गर्दा उपत्यकाका मुख्य सहरमै पानीको चरम संकट रहेको छ ।

## दक्षिण...

रोजगारजन्य कुनैपनि काम गर्न नपाउने र भिजिट भिसामा गई रोजगारीमा लागे त्यहाँको प्रहरीले पक्राउ गरी दण्ड जरिवाना मात्रै नभएर थुनामासमेत राखेर नेपाल डिपोर्ट गर्ने अवस्था रहेको तर्फ पनि सचेत गराएको छ ।

दक्षिण अफ्रिकाबाट युरोपेली मुलुक वा अन्य देशमा जान सजिलो हुने कुरा भ्रमपूर्ण र मिथ्या रहेकाले भिसासम्बन्धी जानकारीका लागि सम्बन्धित देशको नियोग वा ती मुलुक हेर्ने विदेशस्थित नियोगहरूमा सम्पर्क गरी आधिकारिक जानकारी लिन पनि विभागले ध्यानाकर्षण गराएको छ ।


## जापानमा वैदेशिक रोजगारको अवसर

**१. कम्पनी : NSJ KYODOKUMIAI** — **शहर : JAPAN**
**पूर्व स्वीकृत मितिः २०८०/०२/१७** — **चलानी नं.: ६०२०२३६४** — **Lt. No.:286475**

| सि. न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painting | 2 | 185000 | १७५,७५० | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छैन | ३ वर्ष |

**२. कम्पनी : NSJ KYODOKUMIAI** — **शहर : JAPAN**
**पूर्व स्वीकृत मितिः २०८०/०२/१७** — **चलानी नं.: ६०२०२३६५** — **Lt. No.:286476**

| सि. न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machinery Technician | 1 | 185000 | १७५,७५० | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छैन | ३ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ २५ गते (8 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः**
**(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि।**

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च : रु. १०,०००/- कामदारले तिर्ने**
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**■ जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ।**

Gov. Lic No. 895/067/068

**Sagar Recruitment Pvt. Ltd.**
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal | Tel: +977- 01-4542232, 01-4542285
Mobile: 9801049208, 9801049209,9801049210, 9801049211, 9801049212, 9801049213
Email: info@sagarjob.com.np, Web: www.sagarjob.com.np

# स्वास्थ्य मन्त्रालयका उच्च अधिकारीको जिम्मेवारी हेरफेर

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ जेठ



स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले मन्त्रालय मातहतका उच्च अधिकारीको जिम्मेवारी हेरफेर गरेका छन् ।

उनले मन्त्रिस्तरीय निर्णय गर्दै आठ जना उच्च अधिकारीको जिम्मेवारी हेरफेर गरेका हुन् ।

मन्त्री बस्नेतका प्रेस सल्लाहाकार रामचन्द्र दुलालले मन्त्री बस्नेतले मन्त्रालय मातहतका विभिन्न विभाग र अस्पतालका निर्देशकको जिम्मेवारी हेरफेर गरेको जानकारी दिए ।

औषधि व्यवस्था विभागको महानिर्देशकमा नारायण ढकाल, परोपकार प्रसुतिगृह स्त्रीरोग अस्पतालको निर्देशकमा डा.श्रीप्रसाद अधिकारी, राष्ट्रिय ट्रमा सेन्टरको निर्देशकमा डा.बद्री रिजाललाई जिम्मेवारी तोकिएको छ ।

राष्ट्रिय औषधि प्रयोगशालाको निर्देशकमा भरत भट्टराईलाई पठाएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको निर्देशकमा डा.रुद्र मरासिनी र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र निर्देशकमा डा.अनुज भट्टचनलाई जिम्मेवारी तोकिएको छ । यसैगरी मन्त्री बस्नेतले डा.चुमनलाल दास र डा.यदुचन्द्र गौतम मन्त्रालयमा काम गर्नेगरी जिम्मेवारी दिए ।

*'विपन्न, असहाय, बेवारिसे बिरामीको निःशुल्क उपचार गर'*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विपन्न, असहाय, बेवारिसे बिरामीको लागि निःशुल्क उपचार अनिवार्यरुपमा उपलब्ध गराउन निर्देशन दिएको छ ।

अनुगमनका क्रममा मापदण्डको पालना नभएको, पार्किङ शुल्क उठाउने गरेको, कार्यरत जनशक्तिलाई न्यूनतम पारिश्रमिक उपलब्ध नगराएको भन्ने गुनासो प्राप्त भएको भन्दै मन्त्रालयले स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्ड, २०७७ को पालना गर्न ताकेताको परिपत्र गरेको छ ।

मन्त्रालयले बुधबार सबै सरकारी, निजी, सामुदायिक अस्पताल, प्रतिष्ठान तथा मेडिकल कलेजलाई कूल शय्याको दश प्रतिशत विपन्न, असहाय, बेवारिसे बिरामीको लागि छुट्याएर उपचार सेवा उपलब्ध गराउन ताकेता गरेको हो ।

'स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्ड, २०७७ दफा ७० (घ) मा अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीको लागि कूल शय्याको दश प्रतिशत शय्या छुट्याई निःशुल्क उपचार अनिवार्यरुपमा गराउनुपर्छ', मन्त्रालयद्वारा जारी सूचनामा उल्लेख छ ।

यस्तै, बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधिसमेत खुलाएको बिरामी बडापत्र अस्पतालको अग्रभागमा देखिनेगरी राख्न निर्देशन दिइएको छ । मन्त्रालयले पटक-पटक स्वास्थ्य संस्था सञ्चालन मापदण्डको कडाइका साथ पालना गर्न चेतावनीसहित निर्देशन दिँदै आएको छ ।

बुधबार काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले महानगरभित्र रहेका ६८ स्वास्थ्य संस्थाले छुट सुविधासम्बन्धी विवरण उपलब्ध नगराएको भन्दै सात दिनभित्र कानूनी दायरामा ल्याउन मन्त्रालयलाई आग्रह गरेका थिए । प्रमुख शाहले मन्त्रालयले मापदण्ड पालना नगर्ने अस्पतालको प्रशासन बन्द गर्न बाध्य हुने चेतावनीसमेत दिएका थिए ।

# गर्मी बढेपछि बढे बिरामी

**पर्सा/मस**–लगातार बढ्दै गएको तापक्रमले पर्सावासीको जनजीवनलाई नराम्ररी प्रभावित गरेको छ । लामो समयदेखि वर्षा नहुँदा दिउँसोको तापाक्रम ४४ डिग्री पुग्न थालेपछि त्यसकारण बिरामी हुनेको संख्या बढ्दै गएको छ ।

गर्मी बढेसँगै वीरगञ्जको नारायणी अस्पतालमा पखाला, निमोनिया, ज्वरोका बिरामीको सङ्ख्या बढेको चिकित्सकले बताएका छन् । गर्मीबाट सबैभन्दा बढी बालबालिका तथा वृद्धवृद्धा बढी प्रभावित भएको नारायणी अस्पतालका वरिष्ठ फिजिसियन तथा आकस्मिक औषधि विशेषज्ञ डा उदयनारायण सिंहले जानकारी दिए । गर्मी बढेसँगै पर्सामा 'हिट स्ट्रोक' अर्थात् 'लू' लाग्ने जोखिमसमेत बढ्दै गएको उनले बताए ।

दिउँसोको समयमा तापक्रम उच्च भएका बेला चल्ने गरम हावाले दैनिक ज्यालादारी तथा कडा श्रम गर्ने व्यक्तिलाई लु लाग्ने जोखिम बढेको चिकित्सक सिंहको भनाइ छ ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०२/१८**

**एस. बि. फुड्स हाउस प्रा.लि.** को मिति २०७९/०२/१० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कोटास बार एण्ड ग्रील प्रा.लि. (प्रा.लि. नं.: ३०९८५९)** कायम गर्ने गरी मिति २०८०/०२/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## श्री सेती सामुदायिक वन उपभोक्ता समूह
### गोदावरी–४, कैलाली

## सूचना ! सूचना !! सूचना !!!

**मिति : २०८०/०२/१८**

उपरोक्त विषयमा यस **श्री सेती सा.व.उ.स. गोदावरी–४, बुढीतोला, कैलाली**मा सामुदायिक वन र उपभोक्ता समूहले संयुक्तरुपमा निजी क्षेत्रसँग साझेदारीमा सामुदायिक वनमा पर्यावरण प्रवर्द्धन र कार्यविधि २०७५ मा भएको प्रावधान बमोजिम देहायको चार किल्लाभित्रको वन क्षेत्रमा पर्यावरण प्रवर्द्धन व्यावसाय सञ्चालन गर्न चाहेका इच्छुक निजी फर्म वा कम्पनीलाई यो सूचना प्रकाशित भएको मितिले २१ (एककाइस) दिनभित्र आशयपत्र तथा प्रस्ताव पेश गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१) **सामुदायिकको नाम** : सेती सामुदायिक वन उपभोक्ता समूह, गोदावरी ४
२) **व्यवसाय संचालन क्षेत्र** : ब्लक २ भिमदत्त राजमार्ग, हर्रा डाँडादेखि पूर्व करिब ५०० मिटर माथि र ब्लक नं. ४, फोक्से डाँडा वरपरको वन क्षेत्र करिब ५ हेक्टर जमिन
३) **प्रस्तावित कार्यक्रम** : वर्ष पर्सपर्यटन सम्बन्धि
४) **आवेदन दस्तुर** : रु. ३०००/- (तीन हजार मात्र)
५) **आवेदन फारम प्राप्त गर्न सकिने स्थान** : श्री सेती सामुदायिक वन उपभोक्ता समूह, गोदावरी -४
६) **आशयपत्र साथ पेश गर्नुपर्ने कागजातहरु** : फर्म, कम्पनीको दर्ता प्रमाणपत्र, नवीकरण पान वा भ्याटसम्बन्धी प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
७) **आशय पत्र बुझाउने स्थान** : श्री सेती सामुदायिक वन उपभोक्ता समूह, गोदावरी-४
८) **अन्तिम मिति** : २०८०/३/०७ गतेसम्म
९) **बुझाउने विधि** : लाहाछाप लगाई शिलवन्दी हुनुपर्ने ।

अन्य थप जानकारीका लागि सम्बन्धित सामुदायिक वन उपभोक्ता कार्यसमितिसँग सम्पर्क राख्नुहुन

## साउदीमा रोजगारको अवसर

**कम्पनी : RANWA LAUNDRY**
**शहर : Riyadh**

**पूर्व स्वीकृत मितिः २०८०/०२/१७** | **चलानी नं.: ६०२०२०२०** | LT. No.: 286824

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry Man | 3 | 0 | स. काममा दक्ष | 1300 | ४५,७७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ २५ गते (8 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**NATIONAL EXPORTS MANPOWER CONSULTANT PVT. LTD.**
Gov. Lic. No. 1312/074/075
Sinamangal-9 Kathmandu, Tel : 01-4478786
E-mail: nationalexpertsmc@gmail.com, Web.: www.nationalexpertsmc.com

## Saudi मा रोजगार — Woosun Energy & Constuction Co. Ltd

पुर्व स्वीकृती मितिः २०८०/०२/१७ | चलानी नं.: ६०२०२३५८ | LT No. : 287001

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Worker | 11 | काममा दक्ष | 1000 | ३५,२६७।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु. १०,०००।- |

**अन्तरवार्ता २०८० जेठ २५ गते ( 8 june, 2023) यस प्रा. लि. को कार्यालय मिनभवन हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला।

**गण्डकी ओभरसिज कन्सर्न प्रा. लि.**
श्रम ईजाजत नं.: ११५/०५५/०५६
मिनभवन, काठमाण्डौं, फोन.: ०१-४५९५७४९, ९८५११०९३९१, ९८४६७६१५०७


## कुमारी बैंक लिमिटेड शाखा कार्यालय धरान, सुनसरीको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना

(प्रकाशित मिति २०८०/०२/१८ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय धरान, सुनसरीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० जेठ २५ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय धरान, सुनसरीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**ऋणीको विवरणः**

नन्दलाल खतिवडाको नातिनी, शिव प्रसाद खतिवडाको छोरी, कृष्ण अग्रवालको पत्नी, सुनसरी जिल्ला, धरान वडा नं. ४ (हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ०१) बस्ने **लिला खतिवडा** (ना.प्र.नं. ५८८६/०५२/५३ जारी मिति २०५३/०१/१२ जिल्ला प्रशासन कार्यालय सुनसरी) ।

**व्यक्तिगत जमानीकर्ताको विवरणः**

१. भिखम चन्द्र अग्रवालको नाति, कृष्ण अग्रवाल/लिला खतिवडाको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.०४ (हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ०१) बस्ने **कोशिष गर्ग** (ना.प्र.नं. ०६-०२-७२-०३५७९, जारी मिति २०७२/१२/०८, जिल्ला प्रशासन कार्यालय सुनसरी)।

**लिलाम हुने सम्पत्तिको विवरणः**

१. **लिला खतिवडा**को नाममा मालपोत कार्यालय, बेलबारीमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, कसेनी गा.पा./न.पा. वडा नं. ४/ढ स्थित कित्ता नं.६८९ को क्षेत्रफल ०-१-०-० (बिगहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० जेठ २४ गते** भित्र बैंकको शाखा कार्यालय धरान, सुनसरी स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय धरान, सुनसरी स्थित कर्जा विभागबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० जेठ २५ गते ३:००** बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय धरान, सुनसरी स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय धरान, सुनसरी स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० साल जेठ २५ गते बिहीबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय धरान, सुनसरी फोन.न ०२५- ५२१७४३**

## Kawasoti Municipality
## Office of the Municipal
### Gandaki Province, Nepal

## Invitation for Bids

**First Date of Publication: 2079/12/28**
**Second Date of Publication: 2080/02/01**
**Third Date of Publication:2080/02/18**

Kawasoti Municipality, Nawalparasi (East) invites electronic bid for the following construction works under National Competitive Bidding (NCB).

| S. No. | Contract Nos. and Title. | Brief Description of Works | Engineers' Estimate (Exclusive of VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1 | 23/KM/SQ/079/80 | Thakali Chowk Dekhi Magarkot Jane Bato Marmat | 68,85,217.08 | 2080/02/25 BS) Upto 12 Hr | 120 days | 2,25,000.00 | 1000 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Executive Officer**




मध्यान्ह
www.madhyanhadaily.com
१८ जेठ २०८०, बिहीबार
1 June 2023, Thursday

## सम्पादकीय

### राजनीतिक स्वार्थमा अर्को गल्ती

राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता ऐन-२०६३ संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गरेका छन् । १२ जेठमा मन्त्रिपरिषद्ले गरेको सिफारिस पत्रलाई आधार मानेर राष्ट्रपति पौडेलले विधेयक प्रमाणीकरण गरेका हुन् । तर विधेयक प्रमाणीकरण प्रक्रियाप्रति विपक्षी दलहरूले आपत्ति जनाएका छन् । प्रमुख प्रतिपक्षी दल नेकपा एमाले विधेयक प्रमाणीकरणविरूद्ध सडक प्रदर्शनमै उत्रिएको छ । एमाले निकट युवा तथा विद्यार्थीले मंगलबार राजधानी उपत्यकासहित देशका प्रमुख शहरहरूमा विरोध प्रदर्शन गरेका छन् । विपक्षी भूमिकामा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले पनि विधेयक प्रमाणीकरण प्रक्रियाप्रति विरोध जनाएका छन् । रास्वपाका सभापति रवि लामिछाने र राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले सामाजिक सञ्जालमार्फत् सरकारले विधेयक प्रमाणीकरण गर्न अपनाएको शैली र समयप्रति आपत्ति जनाएका छन् ।

